“स्थानीय तहको सञ्चार सारथी”

# पालिका सन्देश

साप्ताहिक

।। वर्ष : २ ।। अंक : ३१ ।। ।। २०८१ माघ ९ बुधबार ।। 22 Jan. 2025, Wednesday ।। पृष्ठ : ६ ।। मूल्य : रु. १०/- ।। www.palikasandesh.com

### बुद्धशान्तिको पन्ध्रौं गाउँसभा

## योजना तथा कार्यक्रम संशोधनसहित पारित

**बुद्धशान्ति (पालिका सन्देश) ।** बुद्धशान्ति गाउँपालिकाको १५औँ गाउँसभा अधिवेशनले योजना तथा कार्यक्रम संशोधनसहित पारित गरेको छ । गाउँपालिका अध्यक्ष मनोज प्रसाईंको अध्यक्षतामा बसेको गाउँसभाले आर्थिक वर्ष २०८१/०८२ का लागि प्रस्तावित बजेटहरूलाई संशोधन सहित पारित गर्दै गाउँसभा सम्पन्न गरेको हो । सभाबाट गाउँपालिकाले सञ्चालन गरेको अस्पताल सञ्चालन गर्न तथा स्वास्थ्यसम्बन्धी सम्पूर्ण काम तथा नियमन गर्न स्वास्थ्य सेवा ऐन, बेरूजु नियमित गर्ने प्रस्ताव र सभाद्वारा गठन हुने समिति गठन/पुनर्गठन गर्ने प्रस्ताव पनि पास गरेको छ । यसका अतिरिक्त कृषि तथा पशुपंक्षी सम्बन्धि पहिलो संशोधन विधेयक-२०८१ पनि अनुमोदन गर्दै पास गरेको छ ।




सभामा वडा नं. १ की वडा सदस्य एवम् कार्यपालिका सदस्य तुलसा खतिवडा रेग्मीले आ.व. २०७७/०७८ मा वडा नं. १ जाने बाटोको काम सम्पन्न भएको र पालिकाले अनुगमन गरेर चेक पनि काटिएको तर भुक्तानीमा समस्या भएको भन्दै दुखेसो पोखिन् । वडा नं. ६ की वडा सदस्य प्रमिला परियारले आफ्नो वडामा जंगली बाँदरको समस्या रहेको सभामा जानकारी गराउँदै यसको समाधानका लागि पालिकाले महत्वपुर्ण भूमिका निर्वाह गर्नुपर्ने बताइन् । वडा नं. ३ का वडा सदस्य तिलनारान रिजालले जंगली हात्ती दिनहुँ गाउँ पसेर आतंक मच्चाइरहेकाले त्यसको थोरै भएपनि रोकथामका लागि पालिकाले केही उपाय निकाल्न सुझाव दिएका थिए ।

७ नं. वडाका वडा सदस्य खगेन्द्र प्रसाद गड्तौलाले हालै सम्पन्न भएको कोशी प्रदेशकै लामो झोलुङ्गे पुलको वरिपरि शान्ति सुरक्षा व्यवस्था गर्नुपर्ने कुरामा पालिका लाग्नुपर्ने विचार सभामा प्रस्तुत गरेका थिए । त्यस्तै वडा नं. ३ का वडा सदस्य दिपक सापकोटाले बुधबारे बजार अव्यबस्थित भइरहेकाले त्यसको उचित व्यवस्थापन गर्न पालिका लाग्नुपर्ने बताए । वडा नं. १ का वडा सदस्य लक्ष्मी कडेलले आफूले राखेका कुरा पालिकाबाट कार्यान्वयन नभएको भन्दै सभामा दुखेसो पोखे । उनले निस्सा बाँडेका परिवारलाई चाँडोभन्दा चाँडो धनीपुर्जा वितरण गर्नुपर्ने बताए ।

त्यस्तै वडा नं. ६ की वडा सदस्य रेनुका भट्टराईले वडाको स्वास्थ्य इकाईमा प्रयोग हुने सिरिन्ज

*बाँकी पृष्ठ ४ मा*

## झापामा धान खेतीको क्षेत्रफल घट्दै

**बुद्धशान्ति (पालिका सन्देश) ।** कोशी प्रदेशकै सबैभन्दा धेरै धान खेती हुने झापा जिल्लामा केही वर्षयता धान खेतीको क्षेत्रफल घट्दै गएको छ । बितेको चार वर्ष यता झण्डै १० हेक्टर क्षेत्रफल खेती घटेसँगै धान उत्पादन समेत घट्दै गएको पाइएको छ । चार वर्ष अघि झापामा ८७ हजार ५ सय हेक्टर क्षेत्रफलमा ४ लाख २३ हजार मेट्रिक टन धान उत्पादन भएको थियो । तर यो वर्ष ३ लाख ८२ हजार मेट्रिक टन मात्र उत्पादन भएको कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर बिष्टले बताएका छन् । तर यो वर्ष भने ७२ हजार हेक्टर हाराहारीमा मात्र धान खेती भएको उनले बताए ।

पछिल्लो वर्षहरूमा धान खेती हुने स्थानमा घर घडेरीले भरिन थालेको र गैरकृषि प्रयोजन हुने कार्य बढेकाले धान खेतीको क्षेत्रफल कम हुँदै गएको प्रमुख बिष्टको भनाइ छ । त्यस माथि यो वर्ष रोगका कारण पनि धान उत्पादनमा गिरावट आएको छ । उनले भने, 'यो वर्ष अगुवा धानमा केही स्थानीय तहमा बहुगुणी २, सामामुसलीमा रोगको समस्या देखिएकाले उत्पादन घटेको छ ।'

जलवायु परिवर्तनका कारण लामो समय घाम लाग्दा धान मर्ने समस्या आएको छ । यस्तै पानी पर्दा अधिक वर्षा हुने भएकाले उत्पादनमा गिरावट आएको कृषकहरूले बताउँदै आएका छन् । झापामा चार वर्ष यता १० हजार हेक्टर बढी धान खेती घट्नुले उत्पादनमा ह्रास आउँदै गएको कृषि ज्ञान केन्द्रको तथ्याङ्कमा छ । बढ्दो शहरीकरण र भूउपयोग नीतिको उचित कार्यान्वयन

*बाँकी पृष्ठ २ मा*

## भारतीय सागसब्जीले स्थानीय कृषक मारमा

**बिर्तामोड (पालिका सन्देश) ।** झापाका बजारमा यो वर्ष फुलकोपीको मुल्य घटेको छ । छिमेकी मुलुक भारतबाट आउने सागसब्जीका कारण नेपाली कृषकले उत्पादन गरेको फुलकोपीको मुल्य घटेको छ । झापाको मुख्य बजार बिर्तामोडको कृषिथोक बजार, बुधबारे बजार, धुलाबारी बजार र शनिश्चरे बजारमा भारतीय व्यापारीले १० देखि २० रुपयाँ केजीमा फुलकोपी बिक्री गरेकाले स्थानीय कृषकले उत्पादन गरेको फुलकोपीले बजार पाउन नसकेको बुद्धशान्तिका स्थानीय कृषक छबिराज पौडेलले बताएका छन् ।

कोशी प्रदेशमै सबैभन्दा धेरै फुलकोपी खेती र उत्पादन हुने जिल्लामा यो वर्ष मुल्य घटेपछि किसानहरू मारमा परेका छन् । गत वर्ष ३०

*बाँकी पृष्ठ २ मा*

हार्दिक बधाई तथा शुभकामना

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) झापाको हालै सम्पन्न अधिवेशनबाट अत्याधिक मतका साथ अध्यक्ष जस्तो गरिमामय पदमा निर्वाचित हुनुभएकोमा कर्णाली एजुकेशन फाउण्डेशन बुद्धशान्तिका प्रबन्ध निर्देशक **छत्रबहादुर कार्की**लाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं । साथै उहाँसहित बिजय बन्नुहुने सम्पूर्ण पदाधिकारीहरुमा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।



**नविन विमली**
सञ्चालक समिति अध्यक्ष
कर्णाली एजुकेशन फाउण्डेशन
बुद्धशान्ति-१ झापा, परिवार



**अबतपाई हाम्रो शहर बुधबारेमा**
लिला डाइग्नोष्टिक सेन्टरमा उपलब्ध सेवाहरु :

**डा.दिनेश पोखेल**
एमबीबीएस एमडी रेडियोलोजिस्ट
भिडियो एक्स्रे, युसीजी सेवा
(प्रत्येक आइतबार र मंगलबार बिहान १०:०० बजेदेखि)

**डा. आकाश कोइराला**
एमबीबीएस एमडी, बरिष्ठ फिजिसियन (BPKIHS DHARAN)
पेट, छाती, दम, मुटु रोग बिशेषज्ञ
(प्रत्येक दिन दिनको ३:०० बजेबाट)

**डा.दिपायल पाण्डे**
एमबीबीएस एमडी (BPKIHS DHARAN)
बरिष्ट छाला, यौन तथा सौन्दर्य रोग विशेषज्ञ
डेल्फी स्किन दमकबाट (हरेक बिहीबार १:०० बजेबाट)

**डा.ज्योती अग्रवाल**
एमबीबीएस एमडी (BPKIHS DHARAN)
बरिष्ट बाल रोग तथा नवजात रोग बिशेषज्ञ
(प्रत्येक मंगलबार र शनिबार)

**डा. अजय अग्रवाल**
एमबीबीएस एमडी (BPKIHS DHARAN)
वरिष्ठ स्त्री तथा प्रशुती रोग विशेषज्ञ
(प्रत्येक मंगलबार र शनिबार)

**नोट** : यहाँ प्याथोलोजी, ल्याब, भिडियो एक्सरे, फार्मेसीको सुविधा समेत उपलब्ध छ ।

*दैनिक डिजिटल एक्सरेको सेवासँगै थाइराइड, भिटामिन बी १२, भिटामिन डी पनि दैनिक परिक्षण गरिन्छ ।*

**लिला डाइग्नोष्टिक सेन्टर**
बुद्धशान्ति-१, बुधबारे बजार (बीच चोक) पुरानो चिउरा मिल अगाडि
सम्पर्क नं. ९८२४२०५३३०/९८४९५०९८१७

झा.जि.प्र.द.नं. १५६/२०७९
झा.जि.हु.का.दर्ता नं. : १०१/०८१/०८२
www.palikasandesh.com


# झापामा ५५ हजार किशोरीलाई 'एचपीभी' खोप दिइने

**बुद्धशान्ति (पालिका सन्देश) ।** सरकारले पाठेघरको मुखको क्यान्सर रोकथामका लागि एचपीभी खोप देशभरका १७ लाख किशोरीलाई लगाउने तयारी गरेको छ । यो खोप अभियान आगामी माघ २२ देखि फागुन २६ सम्म देशैभरी सञ्चालन हुनेछ । खोप अभियानका क्रममा कक्षा ६ देखि १० सम्मका विद्यालयमा अध्ययनरत किशोरीहरूलाई विद्यालयमै खोप केन्द्र स्थापना गरेर खोप दिइनेछ । विद्यालय बाहिरका १० देखि १४ वर्षका किशोरीहरूलाई अन्य केन्द्रमार्फत खोप लगाइनेछ ।

स्वास्थ्य सेवा विभागअन्तर्गत परिवार कल्याण महाशाखाको खोप शाखा प्रमुख डा. अभियान गौतमका अनुसार, देशभरका १६ लाख ८८ हजार ७६८ किशोरीलाई खोप दिने लक्ष्य राखिएको छ । खोपका लागि ८,२०० विद्यालयहरु खोप केन्द्रका रूपमा चयन भएका छन् । यसका लागि २७ हजार ८० स्वास्थ्यकर्मी र ५४ हजार १६० स्वयंसेवक परिचालन गरिनेछ । साथै १५ हजार ६७४ सुपरिवेक्षक खटाइनेछ ।

यता झापा जिल्लामा पनि ५५ हजार किशोरीलाइ खोप लगाइने तयारी भइरहेको स्वास्थ्य कार्यालय झापाका जनस्वास्थ्य अधिकृत प्रकाश पाठकले बताएका छन् । उनले जिल्लाका १५ वटै पालिकाका विद्यालयभित्र र विद्यालय बाहिर रहेका ५४ हजार ९ सय ९९ जना किशोरीलाई एचपिभी खोप लगाइने बताए ।

जिल्लाका सबै पालिकाका स्वास्थ्य शाखा प्रमुख र स्वास्थ्य शाखा प्रमुखलाई खोपसम्बन्धी आवश्यक तालिम र अभिमुखीकरण दिइएको जनस्वास्थ्य अधिकृत पाठकले बताए । "खोप अभियानका लागि तथ्याङ्क सङ्कलन, जनशक्ति व्यबस्थापन लगायतका काम भइरहेको छ", उनले भने । झापामा माघ २२ गतेदेखि २९ गतेसम्म एचपिभी खोप अभियान सञ्चालन हुनेछ ।




खोपले ९०–९५ प्रतिशत सम्म पाठेघरको मुखको क्यान्सरबाट सुरक्षा प्रदान गर्ने बताइएको छ । नेपालमा यो क्यान्सरका कारण प्रत्येक दिन चारजनाको मृत्यु हुने गरेको तथ्यांक छ । महिलामा हुने क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर नेपालमा पहिलो स्थानमा पर्छ, जबकि विश्वव्यापी रूपमा यो चौथो स्थानमा छ ।

# देउसी भैलो खेलेको रकमले गाउँ नै झलमल्ल

**बुद्धशान्ति (पालिका सन्देश) ।** देउसी भैलो खेलेको रकम अनावश्यक खर्च नगरीकन झापा बुद्धशान्ति-३ कञ्चनबारीका स्थानीयले पोलबत्ती जडान गरेर गाउँटोल नै झलमल्ल पारेका छन् । स्थानीय सिंहसेतीदेवी टोलसुधार समितिले २०८१ सालको देउसी भैलोबाट संकलन गरेको रकमबाट गाउँमा पोलबत्ती जडान गरेर गाउँ नै झलमल्ल पारेका छन् ।

देउसी भैलोबाट ४२ हजार पाँचसय संकलन गरिएको र बुद्धशान्ति ३ नं. वडा कार्यालयले २० हजार सहयोग गरेको रकमबाट पोलबत्ती जडान गरिएको टोलसुधार समितिका अध्यक्ष श्रीप्रसाद खनालले बताएका छन् । उनले सहयोगी दाता र वडा कार्यालयलाई सहयोग गरेकोमा धन्यवाद दिएका छन् ।

१६ वटा पोल करिव आठसय मिटर सडकमा ८० हजार रूपैँया लागतमा एलइडी बत्ती जोडेर एकै स्थानबाट बाल्न सकिने गरिको व्यबस्था गरेर बत्ती जडान गरिएको टोल सुधार समितिका कोषाध्यक्ष श्रवणकुमार अधिकारीले बताएका छन् । अनुगमन समितिका संयोजक दुर्गा बाँस्कोटाका अनुसार हाल सो क्षेत्रमा दिनहुँ जंगली हात्ती आइरहेकाले यो पोलबत्तीले थोरै भएपनि राहत भएको बताएका छन् ।


## जथाभावी औषधीको प्रयोग नगरौं

जथाभावी औषधीको प्रयोगले स्वास्थ्यमा गम्भिर समस्या देखिन सक्छ। त्यसैले,

- मान्यताप्राप्त चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाहविना औषधी सेवन नगरौं,
- बिरामी हुँदा घरमा बाँकी रहेका पुराना औषधी नखाऔं,
- अरूलाई सञ्चो भयो भन्दैमा देखासिकी गरेर सोही औषधीको प्रयोग नगरौं,
- सामान्य स्वास्थ्य समस्यामा एन्टिबायटिकको सेवन नगरौं,
- एन्टिबायटिक चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह अनुसार पुरा मात्रामा सेवन गरौं,
- म्याद नाघेका औषधीलाई जथाभावी नफालौं,
- जनावर तथा पशुपन्छीहरूलाई छिटो हुर्काउन वा तौल बढाउन एन्टिबायोटिकको प्रयोग नगरौं ।

**बुद्धशान्ति गाउँपालिका**
वडा नं. १ को कार्यालय, झापा










पी.एस.टी नेपाल मिडिया प्रा.लि.द्वारा प्रकाशित **पालिका सन्देश साप्ताहिक**, कार्यालय : **बुद्धशान्ति-३ झापा**, सम्पर्क : ९८६१०४२८०४, सम्पादक : **तीर्थराज तिम्सिना**
क.दर्ता नं : २६०८९९/०७७/०७८, इमेल : *palikasandesh@gmail.com, tirthatimsina508@gmail.com*, ले-आउट : **सन्तोष शर्मा**, मुद्रण : **श्री गणपति अफसेट प्रेस**, बिर्तामोड, झापा ।

## प्रेरक भनाइ

मेरै शरीर गाड्नुहोस् तर मेरा हातहरू बाहिर राख्नुहोस् ताकि अरूले जानुन्, जसले संसार जित्यो मृत्यु हुँदा उसको हातमा केहि थिएन । – **विश्वविजेता सिकन्दर**

## सम्पादकीय

# सवारी दुर्घटनाबाट कहिले सिक्ने पाठ ?

**सामान्यतया दुर्घटना अपवादबाहेक आकस्मिक नै हुने गर्छ। त्यसैले यसलाई पूर्ण रूपमा टार्न सकिन्न तर न्यूनीकरण भने अवश्य पनि सकिन्छ। साना कुरामा विचार पुऱ्याउने हो भने यस्ता दुर्घटनाबाट हुने क्षतिको आकार घटाउन सकिन्छ। विशेष गरेर सवारी दुर्घटना बढी हुने नेपाल जस्तो देशमा सामान्य पक्षहरूमा ध्यान दिँदा मात्र पनि यसबाट हुने हानी कम गर्न सकिन्छ। तर दुर्घटना र यसबाट हुने क्षति बढिरहेका दृश्यले हामी यस्तो अवसरबाट चुकेको देखिन्छ।**

**पछिल्लो समय झापा जिल्लामा पनि सवारी दुर्घटना बढ्दै गएको एक तथ्यांकले देखाएको छ। जिल्लाभरिमा दैनिक सानाठूला सडक दुर्घटना भइरहेका छन्। सोमबार मात्रै ओभरस्पीडका कारण झापाको बुधबारेमा एक यात्रुलाई इलामबाट आउँदै गरेको गाडीले ठक्कर दियो। उनको घटनास्थलमै मृत्यु भयो। यो त, केवल एक पात्र मात्रै हो। दिनहुँजसो झापामा सानाठूला दुर्घटना भइरहेका छन्। सडक दुर्घटनामा सबैभन्दा बढी मोटरसाइकल, दुई पाङग्रेसवारी साधनका चालक त्यसमा सवार यात्रुको मृत्यु हुने गरेको तथ्यांक ठूलै छ। चालु आर्थिक वर्ष २०८१/०८२ को छ महिनामा झापामा मोटरसाइकल–दुई पाङग्रेसवारी साधनबाट ३७ जना मानिसको ज्यान गएको छ। मोटरसाइकल र स्कुटर जस्ता साधन ठूला गाडीको कारणले मात्र होइन, आफ्नै कारणले पनि असुरक्षित बनिरहेका छन्। जिल्लामा भएका सवारी दुर्घटना भित्री सडकमा समेत भएका। अझ प्रहरीको अनुपस्थित हुने क्षेत्रमा पुरै लापरवाही हुने गरेको छ। समाजत्यसप्रति सकरात्मक बन्नुपर्ने, यस्तो समस्या ग्रामीणक्षेत्रका सडकमा धेरै छन्।**

**सवारीसाधन चलाउने चालकले होसियारी अपनाउन नसक्दा दुर्घटनाका घटना धेरै घट्दै आएको पाइन्छ। प्रहरीको तथ्यांकअनुसार दुर्घटनाको प्रमुख कारण चालकको लापरवाही नै हो। तीव्र गति, मादकपदार्थ सेवन र यान्त्रीक गडबडी र ओभरटेक, पैदलयात्रुको लापरवाहीजस्ता कारणले दुर्घटना हुने गर्छन्। दुर्घटनाका कारण सवारी धनी र अधिकांश यात्रुलाई पनि थाहा छ। के गरेमा दुर्घटनाबाट बच्ने सम्भावना बढी हुन्छ भन्ने हेक्का पनि छ। यसअघि भएका दुर्घटना र तिनका कारण भएका हानिको ज्ञान पनि ताजै छ तर पनि दुर्घटना भइरहेका छन्। किन ? किनकि हामीले विगतका दुर्घटनाबाट पाठ सिकेनौँ। अझै पनि नसिक्ने हो भने सवारी दुर्घटनाकै कारण भइरहने क्षतिबाट हामीलाई कसैले बचाउन सक्ने छैन।**

# दुईमुट्ठी जाडो !



○ भुवन तामाङ

हिउँदको जाडो आफ्नो चरमसीमामा पुगेको थियो । शितका थोपाहरू बोटबिरूवाबाट खेतबारीमा र घरका छानाबाट बलेसीमा खसिरहेका थिए । जाडोले चराचुरूङ्गीहरू चिरबिराउन बिर्सिएका थिए । उनीहरू आफ्ना चुच्चाहरू पखेटाको कापमा घुसारेर डल्लो परेर गुँडमा बसिरहेका थिए । कुकुरहरूले पनि भुक्न बिर्सिएका थिए । तिनीहरूपनि आफ्ना थुतुना पुच्छरमुनि घुसारेर परालको न्यानोमा सुतिरहेका थिए । घाम मधुरो लागिरहेको थियो । भुइँकुहिरो पृथ्वी नै ढाकुँला जस्तैगरी उठिरहेका थिए । यस्तैमा न्याना कपडाहरू लाएर भरभराउँदो आगो तापिरहेका बादशाह अकबरले सोधे, 'वीरबल ! आज धेरै जाडो छ हो कि ? मलाई त साह्रै जाडो लागिरहेको छ ।'

वीरबललाई अकबरको प्रश्नले झनक्कै रिस उठायो । बादशाह रूपी अकबरलाई जाडोले रत्तीभर पनि असर नगरोस् भनेर वीरबलले अकबरका लागि परिपरिका न्याना कपडा, न्याना पेय पदार्थ र निरन्तर आगो ताप्ने ब्यबस्था गरिदिएका छन् तर पनि अकबर जाडो मानिरहेका थिए । वीरबल निकैबेर मौन रहेकाले अकबरले फेरि सोधे, 'होइन सुनेनौ वीरबल ! आज धेरै जाडो छ होइन त ?'

एकछिन् गमेपश्चात वीरबलले केही टाढा एक किसान खेतमा उभिरहेको देखे । जाडोले गर्दा किसान आफ्ना दुईहात मुट्ठी कसेर काखीमुनी घुसारेर न्यानो महसुस गर्ने कोशिश गरिरहेका थिए । वीरबलले तुरून्तै अकबरलाई जवाफ दिए, 'बादशाह अकबर ! आज जाडो दुईमुट्ठीको छ ।'

वीरबलको जवाफ सुनेर अकबर आश्चर्यमा परे र आफ्ना दुईहात हेर्दै फेरि सोधे, 'तिमीले के भन्न खोजेको हो मैले त बुझिन त वीरबल ?' अकबरको प्रश्नमा वीरबलले ढिलो नगरी जवाफ दिइहाले,



'सम्राट ! मेरो उत्तरले भन्दा पनि एउटा वास्तविक दृष्यले हजुरको प्रश्नको उत्तर दिनेछ ।' अकबरले सोधे, 'कस्तो दृष्य बिरबल !' बिरबलले भने, 'पहिला यता आउनुहोस् त सम्राट ।'

अकबरले वीरबलले देखाएको दृष्य हेरे । तत्कालै वीरबलले भने, 'बुझ्नुभयो त सम्राट ! जाडो कति रहेछ ?' वीरबलको जवाफ अबकरले बुझेनन् त्यसैले प्रष्ट्याउदै वीरबलले भने, 'ति किसानले जाडोले गर्दा आफ्ना दुईहात मुट्ठी पारेर काखीमुनी घुसारेर न्यानो महसुस् गरिहेका छन् । उनलाई त्यति भए पुग्छ । न्यानो पार्ने अन्य प्रयत्न र साधन उनलाई आवश्यक पर्दैन । त्यसैले आजको जाडो दुईमुट्ठीको छ बादशाह !'

बादशाह अकबरले बल्ल वीरबलले भनेको अर्थ बुझे र तुरून्तै प्रतिक्रिया दिँदै भने, 'तिमी धेरै बुद्धिमान छौ वीरबल ! तिम्रो बुद्धिमानिताले नै त म आजसम्म लोकप्रिय राजा बन्न सकेको हो । मेरा प्रजा ती किसान, हिउँदको यस्तो जाडोमा पनि आफ्नो कर्तव्य भुल्दैनन् । देशको अन्न भण्डार परिपूर्ण पार्न कठ्याङ्ग्रीदो जाडो नभनि खेतमा काम गरिहेका छन् । म राजा भएर खाप माथि खाप न्याना कपडा लगाएर आगो तापेर, न्यानो पेय पदार्थ खाएर पनि जाडो महसुस गरिरहेको छु,

|| कथा ||

धिक्कार छ मलाई ।'

यस प्रसंगलाई हिउँद र हाम्रो देशको परिस्थितिलाई जोडेर हेरौँ । यो पुस माघको अतिसय जाडोमा हाम्रा किसानहरू खेतबारीमा, खमारमा मेहनतका साथ काम गरिरहेका भेटिन्छन् । मजदुरहरू आआफ्ना आजीविकाका लागि जाडोमा पनि पसिना काडिरहेका भेटिन्छन् । महंगी र अनेकन असुविधाबीचपनि उनीहरू पौरख गरिरहेका छन् र देशको माटो उर्बर पारिरहेका छन् । देशको उद्योगधन्दा, कलकारखाना, बाटाघाटा, पुलपुलेसा, बाँध, नाला, नहर र गाऊँ शहर बनाइरहेका भेटिन्छन् । देश विकासको अभियानमा न्यूनतम् ज्यालामा निस्वार्थ कर्म गरिरहेका छन् । हाम्रो देशका किसानहरू र मजदुरहरू अकबरको प्रजा जस्तै अवस्थाका छन् । हाम्रा किसान र मजदुरहरूको जाडो पनि दुईमुट्ठी कै छ ।

तर, हाम्रा देश संचालकहरू अर्थात राष्ट्रप्रति, प्रधानमन्त्री, मन्त्रीहरू, सांसदहरू, सबै किसिमका जनप्रतिनिधिहरू, राष्ट्रसेवकहरू बादशाह अकबरले जस्तै सुविधा भोगिरहेका छन् । आकर्षक तलब र अनगिन्ती शिर्षकका भत्ता, सुविधाहरूमा सञ्चार, सवारी, इन्धन, विजुली, पानी, आवास, घरभाडा, पोशाक, गर्मीमा पंखा, जाडोमा हिटर, तातो पेश पदार्थ, न्याना कपडा, बिरामी परे विदेशसम्मको उपचार, विदेशी छात्रवृत्ती लगायतका नानीहरू पढाउने, सचिवालय खर्च, सुरक्षा गार्ड, आदि इत्यादि सुविधाहरू । यी सबै भएरपनि बसिबसि खान पेन्सन् पनि । यिनीहरूलाई जाडोमा न्यानो पार्ने उपकरण हिटर, वातानुकूलित् कार्यकक्ष, न्यानो चिया, कफी, वातानुकूलित मोटर गाडीहरूको ब्यबस्था मिलाइएको हुन्छ । तैपनि यिनीहरूलाई अकबरलाई जस्तै नै जाडो लागिरहन्छ ।

यिनीहरूका लागि घाम नै पृथ्वीमा झारिदिएर ताप्न दिएपनि लुगलुग कामिरहेका भेटिनेछन् । अकबरले त आत्मालोचना गर्न जानेका रहेछन् तर हाम्रा देशका संचालकहरूले आफैले आफैलाई आत्मा आलोचना गरेर कहिले सच्चिएलान् ?



## भारतीय...

देखि ५० रूपयाँसम्म विक्री भएको फुल कोपीले यो वर्ष उचित मुल्य पाउन सकेको छैन । बजारमा व्यापारीले नै १० देखि २० रूपैँया केजी विक्री गर्नुपर्ने अवस्थाले कृषकहरू मारमा परेका छन् ।

कोशी प्रदेशमा सबै भन्दा धेरै झापामा खेती हुने फुलकोपी अघिल्लो वर्ष झण्डै ३ हजार हेक्टरमा ५० हजार मेट्रिकटन उत्पादन भएको कृषि ज्ञान केन्द्र झापाको तथ्याङ्कमा छ । सरकारले स्थानीय क्षेत्रमा उत्पादन भएको सागसब्जीको उचित बजार कायम गर्न नसकेका कारण व्यबसायिक किसानहरू बिस्थापित हुनु पर्ने अवस्था आएको अर्जुनधाराका अगुवा कृषक रामचन्द्र न्यौपानेले गुनासो व्यक्त गरेका छन् ।

## झापामा...

हुन नसक्दा कृषियोग्य जमिन घट्दै गएको अगुवा कृषकहरू बताउँछन् ।

कृषि मन्त्रालयको तथ्यांकलाई हेर्ने हो भने चालु आर्थिक वर्ष २०८०/८१ मा कुल धानबाली भित्र्याईएको क्षेत्रफल गत आव भन्दा ०.६१ प्रतिशत अर्थात् ८ हजार ८ सय हेक्टरले कमी भएको कृषि विभागले जनाएको छ । अहिले धान खेती हुने क्षेत्र १४ लाख ३८ हजार ९ सय ८९ हेक्टर कायम हुन पुगेको छ । यो क्षेत्रफल गएका चार आव वर्षको औसत क्षेत्रफलको तुलनामा १.७३ प्रतिशतले कम हो ।

# प्याब्सन झापाका पदाधिकारीले पदभार सम्हाले



**बुद्धशान्ति (पालिका सन्देश) ।** निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) झापा शाखाको नयाँ कार्यसमितिलाई पद हस्तान्तरण गर्दै कार्यक्रम सम्पन्न भएको छ । प्याब्सन झापाका निवर्तमान अध्यक्ष गौरीमान फागोको अध्यक्षतामा र प्याब्सनका केन्द्रीय सल्लाहकार गोविन्द लम्सालको प्रमुख आतिथ्यतामा सम्पन्न भयो । कार्यक्रममा प्याब्सनका प्रदेश सल्लाहकार एलडी राई, केन्द्रीय सदस्य एलपी उप्रेती, निर्वाचन प्रमुख आयुक्त अमृत बहादुर बुढाथोकी, प्रदेश सचिव कोषराज प्याकुरेल, र अन्य पदाधिकारी तथा सल्लाहकारहरूको उपस्थिति थियो ।

नव निर्वाचित कार्यसमितिका पदाधिकारीहरूले सपथ ग्रहण गरे, जसमा अध्यक्षमा निर्वाचित हुने बुद्धशान्ति स्थित कर्णाली एजुकेशन फाउण्डेशनका प्रबन्ध निर्देशक छत्र बहादुर कार्की, वरिष्ठ उपाध्यक्ष हरि कृष्ण पाठक, उपाध्यक्ष टी.आर. गौतम, सचिव लक्ष्मी प्रसाद उप्रेती, कोषाध्यक्ष अमृत कुमार तिम्सिना, सह-सचिव जीवन सिवाकोटी र विनोद सुब्बा, तथा सह-कोषाध्यक्ष नवराज सुवेदी रहेका छन् ।

कार्यक्रमको स्वागत निवर्तमान वरिष्ठ उपाध्यक्ष र हालका अध्यक्ष छत्र बहादुर कार्कीले गरे भने सञ्चालन निवर्तमान सचिव हरि कृष्ण पाठकले गरेका थिए । पद हस्तान्तरण समारोहले प्याब्सन झापाको आगामी कार्यकालका लागि नयाँ नेतृत्वलाई जिम्मेवारी हस्तान्तरण गर्दै सकारात्मक ऊर्जाका साथ अघि बढ्न प्रेरित गरेको छ ।

**प्याब्सनलाई नयाँ उचाइमा पुर्‍याउने लक्ष्य : नवनिर्वाचित अध्यक्ष कार्की**

याब्सन झापामा हालैमात्र निर्वाचित भएका नवनिर्वाचित अध्यक्ष छत्र बहादुर कार्कीले आफ्नो कार्यकाल झापामा शिक्षाको हब बनाउने तयारी रहेको बताएका छन् । २०४६ बाट शिक्षा क्षेत्रमा प्रवेश गरेका कार्की स्थानीय महानन्द शिक्षा सदनमा सहायक प्रिन्सिपलमा कार्यरत हुँदै २०६९ सालमा आफ्नै लगानीमा बुद्धशान्ति १ मा कर्णाली एजुकेशन फाउण्डेशन सञ्चालन गरी हाल त्यही विद्यालयमा प्रबन्ध निर्देशकका रूपमा कार्यरत रहेका छन् ।

शिक्षाको क्षेत्रमा आफूले केही गर्ने हुटहुटीले २०७६ सालमा झापा जिल्लाको प्याब्सनको सह कोषाध्यक्ष निर्वाचित हुँदै विभिन्न तहतप्कामा रहँदै वरिष्ठ उपाध्यक्ष हुँदै हाल जिल्ला अध्यक्षका रूपमा निर्वाचित भएका कार्कीले समग्र विद्यालयको शिक्षाको गुणस्तरमा निजि तथा सामुदायिक विद्यालयहरूसँग हातेमालो गर्दै शिक्षाको गुणस्तर सुधार, संरचनात्मक विकास, र संस्थागत समृद्धिका लागि निरन्तर काम गर्न प्रतिबद्ध रहेको बताएका छन् ।

शिक्षकका लागि आफ्नै तालिम हलको व्यबस्था गर्ने, प्याब्सन झापामा आबद्ध भएका सबै विद्यालयहरूका शिक्षक तथा कर्मचारीहरूको संरक्षण गर्ने, पालिकामा रहेका प्याब्सनहरूसँग सहकार्य गरी सामाजिक सेवा गर्ने, निजि र सामुदायिक विद्यालयहरूमा थप सहकार्य गर्न निजिमा भएका राम्रा पक्षलाई सामुदायिकमा र सामुदायिकमा भएका राम्रा पक्ष निजि विद्यालयहरूमा आदानप्रदान गरी शिक्षा क्षेत्रमा थप गुणस्तर बनाउन आफ्नो कार्यकालमा लागी पर्ने कार्कीको योजना छ । उनले भने यति गरियो भने झापा साँच्चिकै शिक्षामा अगाडि बढ्छ ।

निजि विद्यालयहरूले शिक्षाका क्षेत्रमा के गर्दैछ भन्ने जानकारी गराउन पनि चौंडै नै पन्ध्रवटै पालिकामा स्थानीय प्याब्सनको सहजीकरणमा पालिकाका प्रमुख, उपप्रमुख तथा शिक्षा शाखा प्रमुख समक्ष त्यस क्षेत्रका विद्यालयहरूका साझा समस्याबारे जानकारी गराउने र त्यस समस्यालाई कसरी समाधान गर्ने ? भन्ने निचोड निकाल्ने तयारी रहेको बताएका छन् ।

जिल्लामा १४ पालिकामा प्याब्सन छ भने कचनकवल गाउँपालिकामा विद्यालयको संख्या कम भएकाले त्यस पालिकामा चाँहि फोकल पर्सन राखिएको उनले बताए । उनले प्याब्सन झापाको १४ औं अधिवेशनबाट अध्यक्षमा निर्वाचित गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने सबैप्रति धन्यवाद दिएका छन् ।

उनले भने, 'यो जिम्मेवारीलाई मैले व्यक्तिगत सफलताका रूपमा लिएको छैन । तपाईंहरु सबैको लामो समयदेखिको योगदान, परिश्रम र बलिदानले निर्माण गरेको एउटा गौरवमय उपलब्धि हो । म आफूलाई नेताका रूपमा होइन, जिल्ला प्याब्सन अन्तर्गतका सबै विद्यालयहरूको सेवकका रूपमा ठानेको छु । संस्थापक, प्रिन्सिपलहरूले संस्थागत विद्यालयहरूको शैक्षिक क्षेत्रमा नयाँ उपलब्धि हासिल गर्न देख्नुभएको सपनाले मलाई प्रेरणा दिएको छ । त्यो सपना पूरा गर्न म हरसम्भव प्रयास गर्नेछु ।'

# टुटेबरमा नेपाली भाषा साहित्य बृहत कवि गोष्ठी

**बुद्धशान्ति (पालिका सन्देश) ।** बुद्धशान्ति-६ टुटेबरमा नेपाली भाषा साहित्य बृहत कवि गोष्ठी भएको छ । नेपाल प्रज्ञा प्रतिष्ठानको सहयोग तथा टुटेबर संरक्षण तथा विकास समितिको आयोजनामा बृहत् कवि गोष्ठी सम्पन्न भएको हो । सोही अवसर पारेर सडक पुस्तकालयको समेत उद्घाटन गरिएको छ ।

टुटेबर संरक्षण तथा विकास समितिका अध्यक्ष क्लवका स्वागत अधिकारी तेस्रो भएका थिए ।

कार्यक्रममा प्रमुख अतिथि मुकारूङ, मातृभाषा कोष तथा विभाग प्रमुख प्राज्ञ त्रैलोक्यमान वनेपाली, नेपाल प्रज्ञा प्रतिष्ठान प्रज्ञासभा सदस्य प्राज्ञ मुनाराज शेर्मा, संचार कर्मी चन्द्र भण्डारी, साहित्यकार जय भण्डारी, रोङ गाउँपालिका अध्यक्ष मनिकुमार स्याङ्वो लगायतले शुभकामना मन्तव्य राखेका थिए ।



खड्ग पन्धाक सुब्बाको अध्यक्षता तथा नेपाल प्रज्ञा प्रतिष्ठान साहित्य मातृ भाषा विभाग प्रमुख राजन मुकारूङको प्रमुख आतिथ्यता कार्यक्रम भएको थियो । कार्यक्रममा ५० जना भन्दाबढी साहित्यप्रेमीहरूको स्रष्टा सिर्जना प्रस्तुत गरिएको थियो । कार्यक्रममा विभिन्न विद्यालयका बाल क्लबहरूका विद्यार्थीहरूको कविता प्रतियोगिता समेत प्रस्तुत गरिएको थियो । प्रतियोगितामा शान्ति निकेतन अङ्ग्रेजी विद्यालय बुद्धशान्ति ५ की मन्सु ढकाल प्रथम, बहुवन मावि रोङ ५ की गृसा सत्तेल दोस्रो, र शिद्धेश्वर बाल बगैंचा

टुटेवर संरक्षण तथा विकास समितिका सचिव कृष्ण प्रसाद आचार्यले स्वागत गरेको कार्यक्रमको सञ्चालन नेपाली भाषा साहित्य बृहत् कवि गोष्ठी कार्यक्रम समिति सदस्य सोमनाथ पौडेल र नारायण अधिकारीले गरेका थिए ।

कार्यक्रमकै अवसर पारेर झापा जिल्लाका सुगम देखि दुर्गम क्षेत्रमा शान्ति सुरक्षा कायम गरी आम समुदायमा राज्यको उपस्थिति गराएको भन्दै शान्ति सुरक्षा दिने जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक मिलन केशीलाई सम्मान समेत गरिएको थियो ।


## "वन डढेलो नियन्त्रण गरौं, जैविक विविधताको संरक्षण गरौं"

सुख्खायाम लागेसँगै वन जंगलमा डढेलो लगाईने गतिविधि जिम्मेवार नागरिकका लागि अशोभनीय कार्य हुन् । जिम्मेवार नागरिकहरुले यस्ता कार्यको विरुद्ध सबैलाई सचेत गराऔं । वन जंगल तपाई हामी सबैको साझा सम्पति हो । सबै मिलि यसको संरक्षण गरौं । वातावरण संरक्षण तपाई हाम्रै जिम्मोवारी हो ।

अनुरोधकर्ता :
**आर्दश नमुना सामुदायिक वन उपभोक्ता समूह**
बुद्धशान्ति, झापा


## तपाईंको साताको राशिफल




(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)
साताको प्रारम्भमा कार्यक्षेत्रमा संघर्ष गर्नुपर्ला । नयाँ कार्य पाउन गाह्रो हुनेछ । शत्रुहरू बढ्नेछन् । साताको मध्यमा आर्थिक पक्ष सबल रहनुको साथै नयाँ कार्य प्रारम्भ हुनेछ ।

**वृष** (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो)
साताको प्रारम्भमा सन्तान पक्षबाट शुभ सूचना मिल्नेछ । कार्यक्षेत्रमा भावनामा बगेर निर्णय नलिनुहोला । साताको मध्यमा प्रतियोगी परीक्षामा सफलता मिल्नेछ । राज्य पक्षबाट सहयोग मिल्नेछ ।

**मिथुन** (का, कि, कु, घ, ङ, छ, के, को, हा)
साताको प्रारम्भ आफन्तहरूको साथमा रमाइलो समय बित्नेछ । माताको स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ । नयाँ कामको थालनीमा उपयुक्त समयको परीक्षा गर्नुहोला ।

**कर्कट** (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)
साताको प्रारम्भमा परिस्थितिले गर्दा अध्ययनमा बाधा आउनेछ । बोलीको प्रभावले कार्यक्षेत्रमा विपरीत परिस्थितिलाई सम्हाल्न सक्नुहुनेछ । साताको मध्यमा आत्मविश्वासमा वृद्धि हुनेछ ।

**सिंह** (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)
साताको प्रारम्भमा सामाजिक मान सम्मान बढ्नेछ । कार्यक्षेत्रमा नयाँ कार्य मिल्नेछ । व्यापार व्यवसायमा मनग्य लाभ मिल्नेछ । साताको मध्यमा पुरानो कुरालाई लिएर घरपरिवारमा मनमुटाव हुनसक्ला ।

**कन्या** (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो)
समय मध्यम छ । साताको प्रारम्भमा मानसिक परेशानी रहनेछ । शत्रुहरू हावी हुनेछन् । आफूलाई मौसमी बिमारीदेखि बचाउनुहोस् । साताको मध्यमा धर्म कर्ममा रुचि बढ्नेछ ।

**तुला** (रा, रि, रु, रे, रो, ता, ति, तु, ते)
साताको प्रारम्भ सफलतादायक रहनेछ । आकस्मिक धनलाभ हुनेछ । नोकरी वा पेशामा उच्च पदस्थ अधिकारीहरूको सहायता मिल्नाले अप्ठ्यारो काम समयमा सम्पादन हुनेछ ।

**वृश्चिक** (तो, ना, नि, नु, ने, नो, या, यि, यु)
साताको प्रारम्भ लाभदायक रहनेछ । पिताको साथ सहयोगले नयाँ कार्य प्रारम्भ गर्नमा सफलता मिल्नेछ । आँटेको कार्यसम्पादन हुनेछ । साताको मध्यमा शेयर बजारबाट मनग्य लाभ मिल्ला ।

**धनु** (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे)
साताको प्रारम्भमा आध्यात्मिक क्षेत्रबाट लाभ मिल्नेछ । कार्यक्षेत्रमा भविष्यलाई लिएर नयाँ रूपरेखा कोरिनेछ । व्यापार व्यवसायमा लाभ रहनेछ । कार्यक्षेत्रमा नयाँ कार्य प्रारम्भ हुनेछ ।

**मकर** (भो, जा, जि, जु, जे, जो, ख, खि, खु, खे, खो, गा, गि)
साताको प्रारम्भ अलि कष्टदायी रहनेछ । स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ । यात्रा कष्टदायी रहनेछ । विदेशतिर बसोबास गर्नेहरूबाट कुनै शुभ सूचना सुन्न मिल्ला । साताको मध्यमा उर्जाले भरपुर रहनु हुनेछ ।

**कुम्भ** (गु, गे, गो, सा, सि, सु, से, सो, दा)
कुम्भ राशिहरूको लागि साताको प्रारम्भ लाभदायी रहनेछ । व्यापार व्यवसायमा लाभ मिल्नेछ साथै नयाँ मित्रहरूबाट रोकिएको कार्य प्रारम्भ हुनेछ । अवसरवादीहरूबाट सावधान रहनुहोस् ।

**मीन** (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि)
साताको प्रारम्भमा कार्यक्षेत्रमा संघर्ष अनुरूप फलको प्राप्ति नहोला । पैसाको लेनदेन गर्नमा जोगीनुहोस् । परीक्षाहरूमा सफलता पाइनेछ । साताको मध्यमा उद्योग जगतबाट नँया कीर्तिमान स्थापित गर्न सकिनेछ ।

# फागुन ३ मा झापा जिल्ला सहकारी संघको निर्वाचन

**बिर्तामोड (पालिका सन्देश) ।** झापा जिल्ला सहकारी संघको आठौँ कार्यकालका लागि सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिमा नयाँ नेतृत्व चयन गर्नका लागि निर्वाचन कार्यतालिका सार्वजनिक गरिएको छ । निर्वाचन समिति संयोजक देबेन्द्र भण्डारीका अनुसार संघको विनियम २०५० (संशोधनसहित) र निर्वाचन निर्देशिका २०७६ बमोजिम निर्धारण गरिएका पदहरूमा निर्वाचन गर्नका लागि निर्वाचन समितिले काम थालेको बताएका छन् ।

निर्वाचन कार्यक्रमअनुसार २०८१ माघ २० गते मतदाता नामावली प्रकाशन, २०८१ माघ २५ गते उम्मेदवारहरूको मनोनयन दर्ता र २०८१ फागुन ३ गते शनिबार बिहान ९:१५ बजेदेखि २ बजेसम्म मतदानको तालिका प्रकाशन गरिएको छ । निर्वाचन समितिका सदस्य विश्वेश्वरप्रसाद भट्टराईका अनुसार १९ जनाको सञ्चालक समितिमा अध्यक्ष १, वरिष्ठ उपाध्यक्ष १, महिला उपाध्यक्ष १, खुल्ला उपाध्यक्ष १, सचिव १, सहसचिव १ र कोषाध्यक्ष १ गरी ७ जना पदाधिकारी हुनेछन् ।

सदस्यको संख्या १२ जना रहने व्यबस्था छ । तीमध्ये १ जना महिलाको अनिवार्य प्रतिनिधित्व हुने गरी ५ जना क्षेत्रीय सदस्य र ४ जना महिलाको अनिवार्य प्रतिनिधित्व हुने गरी ७ जना सदस्य हुनेछन् । यस्तै लेखा सुपरीवेक्षण समितिमा एक जना संयोजक र १ जना महिलाको अनिवार्य प्रतिनिधित्व हुने गरी २ जना सदस्य रहने व्यबस्था रहेको बताइएको छ । निर्वाचनको कार्यतालिका सार्वजनिक भएसँगै सहकारी अभियन्ता यतिबेला चुनावमा होमिन थालेका छन् । मतदान फागुन ३ गते हुने जनाइएको छ ।

# बुद्धशान्ति ६ मा वडा स्तरीय नकआउट भलिबल प्रतियोगिता हुने

**शान्तिनगर ।** दोस्रो बुद्धशान्ति गाउँपालिका वडा स्तरीय नकआउट भलिबल प्रतियोगिता हुने भएको छ । गाउँपालिका खेलकुद विकास समितिको संयोजन तथा वडा नं. ६ खेलकुद विकास समितिको आयोजनामा माघ २५ र २६ गते प्रतियोगिता सञ्चालन हुने पत्रकार सम्मेलनको आयोजना गरी आयोजकले जनाएको छ ।

पालिकाका सातैवटा वडाको टिम सहभागिता हुने प्रतियोगितामा बिजेताले नगद २० हजार, मेडल, ट्रफी र प्रमाणपत्र पाउनेछ भने उपबिजेताले नगद १० हजार, मेडल, ट्रफी र प्रमाणपत्र पाउने ६ नं. वडा खेलकुद विकास समिति अध्यक्ष असोक लाखेले बताए ।

युवाहरूलाई खेलकुदको माध्यमबाट शारीरिक तथा मानसिक रूपमा स्वस्थ राख्न पालिकाले विभिन्न खेलकुदहरूको आयोजना गर्दै आएको बताउँदै भलिबल विकासका लागि वडास्तरीय प्रतियोगिता आयोजना गर्न लागिएको गाउँपालिका खेलकुद विकास समिति संयोजक पर्शुराम चेम्जोङले बताए ।

पत्रकार सम्मेलनमा ६ नं. वडाका वडा अध्यक्ष शिवराज पौडेलले खेलको सफलताको शुभकामना व्यक्त गर्दै खेलले अनुशासनको महत्व सिकाउँदै आन्तरिक पर्यटन प्रबर्धन गर्ने समेत सहयोग पुर्याउने बताए । बुद्धशान्ति-६ स्थित ठुटेबरको खेल मैदानमा हुने प्रतियोगिताका लागि खेल मैदानको पनि तयारी भइसकेको ६ नं. वडाका वडासदस्य दिनेश लेप्चाले बताए । प्रतियोगिताको हरेक खेलमा विधागत पुरस्कार दिइने आयोजक समितका सचिव बाबुल दाहालले बताए ।


## आगो, हिटर वा गिजर प्रयोगमा होसियारी अपनाऔं

- आगो वा हिटर नजिकबाट नतापौं,
- कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री आगो वा हिटरको नजिकै नराखौं,
- कोठामा आगो वा हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं,
- हिटरलाई समय समयमा बन्द गर्ने गरौं,
- आगो वा हिटर बन्द गरेरमात्र सुतौं.
- आगो, हिटर र बिजुलीको काम सकिने बित्तिकै बन्द गरौं,
- गिजरलाई बाथरुम वाहिर खुला ठाउँमा जडान गरौं,
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं,
- गिजर खोलेर लामो समयसम्म बाथरुममा नबसौं ।

**झापा गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, झापा

## मुखको स्वास्थ्यमा ध्यान दिऔं

*दाँत तथा मुखको रोगले मानव स्वास्थमा गम्भीर असर पार्ने हुँदा:*

- *चिनीयुक्त वा दाँतमा टाँस्सिने खालका खानेकुरा कम खाऔं,*
- *रेसादार खाना, फलफूल र हरियो सागसब्जी सेवन गरौं,*
- *फ्लोराईडयुक्त टुथपेष्टले दुई मिनेटसम्म दिनको दुई पटक ब्रस गरौं,*
- *खाना खाइसकेपछि राम्रोसँग ब्रस वा कुल्ला गर्ने गरौं,*
- *डेन्टल फ्लसको मद्दतले दाँतमा अड्किएको खाना निकालौं,*

*सुर्तिजन्य पदार्थ तथा मद्यपान सेवन नगरौं,*

***नियमित रूपमा मुख तथा गिजाको जाँच गराऔं,***
***गम्भीर रोगबाट बचौ र बचाऔं ।***

**माई नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, इलाम


# हापेन चोकमा बोलेरोसँग टेम्पो ठोक्किँदा तामाङको मृत्यु

**बर्ने ।** बुद्धशान्ति-४ हापेन चोकस्थित मेची राजमार्गमा सोमबार दिउँसो भएको सवारी दुर्घटनामा बुद्धशान्ति-४ की स्थानीय २७ वर्षीया अमृता तामाङको मृत्यु भएको छ । बुधबारेबाट उत्तरतर्फ जाँदै गरेको प्र १०१००२ ह ३६३ नम्बरको टेम्पो (अटो रिक्सा) र इलामबाट आउँदै गरेको प्र १०१००१ ज ३८५१ नम्बरको बोलेरो हापेन चोकमा पौने ११ बजेतिर ठोक्किएका थिए ।

टेम्पोमा सवार अमृतालाई घाइते अवस्थामा उपचारका लागि प्रादेशिक अस्पताल भद्रपुर लगिएकोमा चिकित्सकहरूले मृतक घोषणा गरेका थिए । दुर्घटनामा मेचीनगर वडा नं. १२ का ४० वर्षीय दिलकुमार थामी, बुद्धशान्ति वडा नं. ४ की २१ वर्षीया कृतिका तामाङ र ४१ वर्षीया मञ्जु तामाङ घाइते भएका छन् । घाइतेहरूको उपचार बुधवारेको भगिरथा बुद्धशान्ति अस्पतालमा गरिएको थियो । तीब्र गतिमा रहेको टेम्पोको कारण दुर्घटना भएको प्रहरीको प्रारम्भिक अनुमान छ । टेम्पो चालक अजय मोक्तानलाई पनि प्रहरीले नियन्त्रणमा लिएको छ ।


## जाडो मौसममा सवारी दुर्घटनाको जोखिमबाट बचौं

*हुस्सु, कुहिरो र शीतलहरका बेला सवारी दुर्घटनाको उच्च जोखिम हुन सक्छ, सावधानीपूर्वक सवारी साधन चलाऔं,*

- सवारी चलाउनु पूर्व सवारीको यान्त्रिक परीक्षण गरौं,
- हुस्सु, कुहिरो र शीतलहरको बेला बत्ति (फग लाइट) बालेर मात्र सवारी साधन चलाऔं,
- बाक्लो कुहिरोको समयमा अवश्यकता अनुसार हर्नको प्रयोग गरौं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं,
- सवारी साधन रोक्नुपर्दा संकेत दिई सडक किनारामा मात्र रोक्ने गरौं,
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
- जथाभावी बाटो नकाटौं, बाटो काट्दा शतर्क रहौं,

***सवारी दुर्घटनाबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।***

**रोङ गाउँपालिका**
इलाम


## योजना...

व्यबस्थापनमा चुनौती थपिएको बताइन् । वडा नं. १ का वडा सदस्य मोहन कुमार राइले धनीपुर्जा वितरणमा ढिलाइ भएकाले जनताको विश्वास हराएकाले तत्काल सम्बन्धित निकायमा पहल गर्न अनुरोध गरे । उनले भागिरथा अस्पतालमा सेवा र पर्याप्त औषधि नपाएको गुनासो गरे ।

सभामा सदस्यहरूले राखेको जिज्ञासालाई सभाध्यक्ष प्रसाईं र उपाध्यक्ष खतिवडाले सम्बोधन गरेका थिए । गाउँपालिका उपाध्यक्ष भवानी खतिवडाले चालु आर्थिक वर्षका लागि स्वीकृत भएका योजनाहरूलाई संशोधन भएको योजनाबारे सभामा पेश गरेका थिए । सभामा सातै वटा वडाका वडा अध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य, कर्मचारी, सञ्चारकर्मी लगायतको उपस्थिति रहेको थियो । सभा प्रमुख प्रशासकिय अधिकृत विनोद पोखरेलले सञ्चालन गरको थिए ।


## माटोको उर्वराशक्ति जोगाऔं

- जैविक मल र जैविक विषादीको प्रयोगलाई बढावा दिऔं,
- पराल, छवाली तथा पातपतिङ्गरलाई नजलाऔं,
- कम्पोष्ट मल तथा हरियो मलको प्रयोग बढाऔं,
- भिरालो तथा भूक्षय संवेदनशील क्षेत्रलाई खाली नराखौं, त्यस्ता जगगामा कृषि वन प्रणाली अपनाऔं,
- रसायनिक मलको न्यून प्रयोग गरौं ।

**कमल गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, झापा




**बिर्तामोड नगरपालिका**
नगर कार्यापालिकाको कार्यालय, झापा

**पत्रपत्रिका पढ्ने बानीको विकास गरौं ।**

# अर्धवार्षिक समिक्षा अवधिमा सरकारी खाता ९३ अर्ब घाटामा

**झापा (पालिका सन्देश) ।** सरकारको सार्वजनिक खर्च र आम्दानीको अवस्थामा सुधार आउन सकेको छैन । विगतका वर्षजस्तै यो वर्ष पनि सरकारको खाता घाटामा छ । चालु आर्थिक वर्ष २०८१/०८२ को ६ महिनाको अवधिमा मात्रै सरकारी खाता ९३ अर्बले घाटामा गएको छ ।

महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्क अनुसार साउन–पुस अर्थात् यो आवको ६ महिनाको अवधिमा सरकारले कर, गैरराजस्व कर र अनुदान गरेर कुल आम्दानी ५ खर्ब ७४ अर्ब ७६ करोड ७९ लाख गरेको छ । यस अवधिमा सरकारलाई वैदेशिक अनुदानबापत ७ अर्ब ३७ करोड ६ लाख रूपैयाँ प्राप्त भएको छ । यो आवमा सरकारले ५२ अर्ब ३२ करोड ६५ लाख रूपैयाँ अनुदानको लक्ष्य राखेको छ ।

आर्थिक वर्षको ६ महिना पूरा हुँदा समेत सरकारले कर र गैर कर गरेर लक्ष्यको ३९ प्रतिशत मात्रै सङ्कलन गरेको छ भने अनुदान १४.७५ प्रतिशत मात्रै प्राप्त गर्न सकेको छ । ६ महिनाको अवधिमा ५ खर्ब ७४ अर्ब ७६ करोड आम्दानी गर्दा खर्च भने ६ खर्ब ६७ अबै ६० करोड भएको छ । यो कुल लक्ष्यको ३६ प्रतिशत हो । यो अवधिमा चालुतर्फ ३९.६३ अर्थात् ४ खर्ब ५२ अर्ब ३० लाख खर्च भएको छ । पुँजीगततर्फ ५६ अर्ब ९३ करोड ५० लाख मात्रै खर्च भएको छ । यो रकम कुल वार्षिक लक्ष्यको १६ प्रतिशत मात्रै हो । त्यसै गरी वित्तीय व्यवस्थातर्फ १ खर्ब ५८ अर्ब ६६ करोड ३९ लाख खर्च भएको महालेखा नियन्त्रकको तथ्याङ्क छ । यो भने लक्ष्यको ४३ प्रतिशत हो ।

समग्रमा सरकारले ६ महिनाको अवधिमा वार्षिक लक्ष्यको ३९ प्रतिशत आम्दानी गरेको छ भने ३६ प्रतिशत खर्च गरेको छ । आम्दानी र खर्च बीचको सन्तुलन नमिल्दा सरकारले आन्तरिक तथा बाह्य ऋण उठाएर मिलाउने गरेको छ ।

# झापाका नयाँ प्रमुख जिल्ला अधिकारी

भद्रपुर । झापामा सरूवा भई आएका नयाँ प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अधिकारीले जनमैत्री प्रशासनका लागि बिचौलिया र अनैतिक गतिविधि गर्ने बिरूद्ध निर्मम भएर लाग्ने बताएका छन् । केही दिन अघि सर्लाहीबाट झापा प्रशासनको नेतृत्व सम्हाल्न आइपुगेका प्रजिअ अधिकारीले विकृति र विसंगति बिरूद्ध निर्मम हुने बताएका हुन् ।

आफ्नै कार्यकक्षमा झापाली सञ्चारकर्मीसँग संक्षिप्त कुराकानी गर्दै प्रजिअ अधिकारीले सरकारी कार्यालय अगाडि बसेर बिचौलियाको भूमिका खेल्नेदेखि सडक अतिक्रमण गर्दै नियम विपरित व्यापार व्यवसाय गर्ने कार्यले सर्वसाधारणको काममा बाधा भएको गुनासो आएको छ, त्यस्ता कार्य रोक्न आफू निर्मम भएर लाग्ने बताए ।



खुल्ला सिमानाको फाइदा उठाउँदै हुने गरेका चोरी, तस्करी, लागुऔषध कारोबार जस्ता अनैतिक गतिविधि नियन्त्रणका लागि प्रहरी प्रशासन प्रतिबद्ध भएर लाग्ने पनि उनको भनाई छ । झापाका सुरक्षा निकायका प्रमुखहरु वरिपरी राखेर प्रजिअ अधिकारीले जनमैत्री कामको वातावरण निर्माण गर्ने प्रतिबद्धता जनाए । उनले प्रशासनमा सेवा लिन आउने सेवाग्राहीले दुःख नपाउने वातावरण बनाउन मातहतका कर्मचारीलाई निर्देशन दिँदै बिचौलियासँग साँठगाठ नगर्न सचेतसमेत गराएका छन् ।

जिल्ला प्रशासन झापाको मुख्य प्रवेशद्वारदेखि जिल्ला समन्वय समितिसम्मको सडकमै खुल्ला व्यापार हुँदा दिउँसोको समयमा सर्वसाधारणलाई आवातजावतमा समस्या छ भने कुनै पनि कार्यालयमा काम लिएर आउने सेवाग्राहीलाई सडकमा रहेका बिचौलियाले तानातान गरी आफूखुसी कार्यालय प्रवेश गर्न बाधा गर्ने गरेको गुनासो सर्वसाधारणको छ ।

## कोशी प्रदेशको प्रतिव्यक्ति आय १३ सय ३६ डलर

**झापा ।** नेपाल राष्ट्र बैंकले कोशी प्रदेशको संक्षिप्त अद्यावधिक आर्थिक प्रतिवेदन सार्वजनिक गरेको छ । राष्ट्र बैंकको वेबसाइटमा सार्वजनिक गरिएको विवरण अनुसार आर्थिक वर्ष २०८०-८१ मा कोशी प्रदेशको कूल ग्राहस्थ उत्पादन ९ खर्ब ३ अर्ब पुगेको छ । नेपालको कूल ग्राहस्थ उत्पादन भने ५७ खर्ब ५ अर्ब रहेको छ ।

यस्तै प्रदेशको आर्थिक वृद्धिदर ३.५१ प्रतिशत, कूल प्रतिव्यक्ति आम्दानी १३३६ अमेरिकी डलर, प्रदेशको सहरी क्षेत्रमा औसत प्रतिव्यक्ति उपभोग खर्च १ लाख ३७ हजार ५४ रूपैयाँ, प्रदेशको ग्रामीण क्षेत्रको औसत प्रतिव्यक्ति प्रतिवर्ष उपभोग खर्च १ लाख २ हजार ५६२ रूपैयाँ रहेको छ । यस्तै गरिबिको दर १७.१९ प्रतिशत रहँदा बहुआयामिक गरिबी १५.९ रहेको छ ।

कोशी प्रदेशमा नेपालको कूल आयातको १३.५३ प्रतिशत हिस्सा रहँदा निर्यात भने ३६.४५ प्रतिशत रहेको छ । कोशी प्रदेशमा बैंक तथा वित्तीय संस्थाको शाखा १ हजार ८३७ पुग्दा एटिएमको सत्या ६८१ पुगेको छ । यस्तै वाणिज्य बैंकको उपस्थिति कोशी प्रदेशका सबै स्थानीय तहमा पुगेको छ । प्रदेशमा कूल निक्षेप ४ खर्ब ७७ अर्ब रहँदा कर्जा प्रवाह भने ५ खर्ब ७८ अर्ब पुगेको छ । प्रदेशमा डेबिट कार्ड १७ लाख ३ हजार ८४२ जनाले प्रयोग गर्छन् भने क्रेडिट कार्ड ३१ हजार ५७९ जनाले प्रयोग गर्दछन् ।

# बि एण्ड सी मेडिकल कलेजका पहिलो ब्याचलाई स्वागत सम्मान

**बुद्धशान्ति ।** झापाको बि एन्ड सी मेडिकल कलेजले एक कार्यक्रमबीच पहिलो ब्याच (सन् २०२५) का एमबिबिएस विद्यार्थीलाई स्वागत सम्मान गरेको छ । मेचीनगर-१२ को धाइजनमा रहेको साइन्स भवनमा १४ विदेशीसहित ५० जना विद्यार्थीलाई स्वागत सम्मान गरिएको हो । कार्यक्रममा कलेजका पदाधिकारी, प्राध्यापक, कर्मचारीले उनीहरूलाई स्वागत गरेका हुन् ।



कलेजका संस्थापक एवम् कार्यकारी निर्देशक दुर्गा प्रसाईं प्रमुख अतिथि रहेको उक्त कार्यक्रमको अध्यक्षता कलेजकी संस्थापक अध्यक्ष इन्दिरा गिरीले गरेकी थिइन् । कलेजका विभिन्न विभाग र संकायका प्रमुखहरूको उपस्थिति रहेको उक्त अवसरमा कलेजका अध्यक्ष डक्टर रामबाबु गिरी, निर्देशक डाक्टर अञ्जली कार्की प्रसाईं, प्रिन्सिपल प्राडा उमेश शर्मा लगायतले नयाँ विद्यार्थीलाई फूलगुच्छा र खादा प्रदान गरेर स्वागत तथा सम्मान गरेका थिए । कलेजका जनसम्पर्क प्रमुख प्रमिश गिरीले सञ्चालन गरेको सो कार्यक्रमको समापनमा पूर्वाञ्चल क्यान्सर अस्पतालका मेडिकल डाइरेक्टर डाक्टर वीरेन्द्र यादवले धन्यवाद मन्तव्य राखेका थिए । हाल बि एन्ड सी मेडिकल कलेजमा ५० जना विद्यार्थीले चिकित्सा शास्त्र संकाय अन्तर्गत स्नातक तह (एमबिबिएस) अध्ययन सुरू गरेका छन् । स्वागत कार्यक्रममा डाक्टर पढ्न आएका विद्यार्थीको चहलपहल उल्लासमय थियो । उनीहरूको बोली, व्याबहार र अनुहारमा नयाँ ऊर्जा झल्किन्थ्यो । विद्यार्थी मात्र होइन, डाक्टरलाई पढाउने प्रोफेसरहरूको चहलपहल उस्साहजनक रहेको थियो ।


## धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं

■ धुम्रपान र मद्यपानले जाडो घट्ने वा हट्ने होइन।
■ यसले मुटु, दम, श्वास-प्रश्वास, क्यान्सर जस्ता दीर्घकालीन रोग लाग्न सक्छ।
■ आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं।
■ कुलतमा रहेकाले त्याग्ने प्रण गरौं।
■ यसले तपाईं र तपाईंको परिवारलाई असर पुऱ्याउँछ।
■ त्यसैले, धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं।

कनकाई नगरपालिका
अर्जुनधारा, झापा

## बचत गरौं, उद्यमशील बनौं


*आफ्नो आम्दानीको केही प्रतिशत रकम बचत गरौं,*
- त्यस्तो बचत भविष्यमा आपतकालिन तथा ठूला खर्चहरु टार्न,
- व्यापार व्यवसाय प्रारम्भ गर्न,
- सन्ततिका लागि शिक्षा, स्वास्थ्य लगायतका काममा प्रयोग गर्न,
- स्वावलम्बी र आत्मनिर्भर बन्न मद्दत गर्छ ।
- त्यसैले अनावश्यक खर्च नगरौं,

*बचत भएको रकमलाई उद्यमशीलतामा लगाऔं ।*

कचनकवल गाउँपालिका
कचनकवल, झापा

## क्यान्सर रोग लाग्नबाट बच्ने उपाय

■ मदिरा, धुम्रपान तथा सूर्तिजन्य वस्तु सेवन नगरौं,
■ खानपानमा ध्यान पुऱ्याऔं,
■ पर्याप्त व्यायाम गर्ने गरौं,
■ सक्रिय जीवनशैली अपनाऔं,
■ बोसोयुक्त मासु नखाऔं,
■ तारेको, झानेको, पोलेको खाना नखाऔं,
■ गालेका तथा पुराना अचार कम खाऔं,
■ नियमित स्वास्थ्य परीक्षण गराऔं,
■ सरसफाईमा विशेष ध्यान दिऔं।



मेचीनगर नगरपालिका
मेचीनगर (झापा)

## जाडो मौसममा चिसोबाट बचौं

❍ जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
❍ तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
❍ घर तथा कोठा न्यानो बनाऔं,
❍ बालबालिका तथा बृद्धबृद्धालाई तेल मालिस गरिदिऔं,
❍ बढी चिसोमा मर्निङवाक नगरौं,
❍ दैनिक घाम ताप्ने गरौं ।

शिवसताक्षी नगरपालिका
शिवसताक्षी, झापा